| २०७७ बैशाख १ देखि साउन ३२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २११ | ६३ | १६२ | ७ | १२ | ३ | ५१ | ० | १६५ | **२६९** | **७५** | **३३०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ३२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २०९ | ६३ | १६१ | ४ | ११ | १ | २१ | ० | ४६ | **२३४** | **७४** | **२०८** |
| **२०७७ साउन ३२ देखि भदौ १ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | १ | १ | ० | ० | ० | ० | ० | ० | **०** | **१** | **१** |

# दैनिक विपद् बुलेटिन

३२ साउन विहान १०:०० बजेदेखि १ भदौ विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ४ स्थानमा **पहिरो,** ४ स्थानमा **अबिरल बर्षा,** ३ स्थानमा **आगलागी**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु,** ३ जना **घाईते** भएका छन् । **पहिरो**का कारण १ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | ११ | ३ | ४,६८,००० | १ | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **११** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को जुगल गाउँपालिका वडा नं २ लिदीमा साउन ३० गते **पहिरो**मा परी हराइरहेका थप १ जनाको शव भेटिएको । **(हालसम्म मृतक १९, बेपत्ता २०, घाईते ५ जना)**
- **मुस्ताङ्ग**को थासाङ गाउँपालिका वडा नं ४ स्थित घाँसाबाट म्याग्दी बेगखोला तर्फ पैदल जादै गरेकी बर्ष ३५ की **एक** महिलालाई **सुक्खा पहिरो**का कारण माथिबाट झरेको ढुङ्गाले लागि **घाईते** ।
- **दाङ्ग**को तुलसीपुर उपमहानगरपालिका वडा नं ६ स्थित एक घरको पर्खाल **अविरल वर्षा**को कारण भत्किदा १ महिला **घाईते** ।
- **सुर्खेत**को बिरेन्द्रनगर नगरपालिका वडा नं १० मनिकापुरस्थित एक कच्ची घर **अविरल बर्षात**का कारण भत्किन जाँदा घरमा सुतिरहेकी वर्ष १७ कि **एक किसोरी**लाई टाउको र ढाडमा चोट लागी **घाईते,** १ वटा बाखो च्यापिएर मृत्यु भई **२ लाख ६५ हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **रुकुम पश्चिम**को आठबिसकोट नगरपालिका वडा नं १३ स्थित एक घरमा सोलारको तार सर्ट भई **आगलागी** भएको । क्षतिको बिवरण आउन बाँकी ।
- **स्याङ्जा**को बिरुवा गाउँपालिका वडा नं १ ललाङस्थित एक कच्ची धन्सार **अबिरल बर्षा**का कारण भत्कन जाँदा धन्सार भित्र रहेको १ वटा भैसी, २ वटा बाख्रा मरेको ।
- **बर्दिया**को राजापुर नगरपालिका वडा नं २ नयाँ गाउस्थित एक घरमा बिद्युत सर्ट भई **आगलागी** हुँदा घर आंशिक रुपमा क्षति भई घर भित्र रहेको लत्ताकपडा, भाडाबर्तन, अन्नपात र काठपात गरि **२ लाख ३ हजार ५ सय रुपैंया** बराबरको क्षति ।
- **अर्घाखाँची**को भुमिकास्थान नगरपालिका वडा नं ९ ढिकुरा गैराकोटस्थित एक कच्ची घर **बर्षात**को कारण भत्किन जाँदा घर पुर्ण रुपमा क्षति।
- **हुम्ला**को ताजाकोट गाउँपालिका वडा नं ३ डाडागाउँमा अबिरल बर्षासँगै आएको **पहिरो**का कारण ७ वटा घर पूर्णरुपमा भत्किई क्षति । अदानचुली गाउँपालिका वडा नं ६ लमहीमा बर्षाको कारण पहिरो आई ४ वटा घर **पूर्णरूपमा भत्किएको**, २२ वटा घर **आंशिक क्षति** र १४ वटा घर **जोखिममा** रहेको ।
- **बझाङ्ग**को जयपृथ्वी नगरपालिका वडा नं ९ रिठापाटास्थित एक कच्ची घरमा विद्युत लाईन अचानक सर्ट हुन गई **आगलागी** हुँदा घरभित्र रहेको अन्नपात, लत्ताकपडा काठपात जली नष्ट ।

## बाटो अवरोध

- रसुवाको गोसाईकुण्ड गाउँपालिका वडा नं ३ मेदाङफेदुङस्थित **पासाङ ल्हामु सडक खण्ड**मा **पहिरो** आई सडक **पूर्णरुपमा अवरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र अबिरल बर्षाका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै अबरुद्ध बाटो खुलाउने प्रयास भइरहेको ।

## बाढी पूर्वानुमान

भदौ-०१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने ।**
- **आज ईलाम, झापा, दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं उपत्यका, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, सुर्खेत, सल्यान, जाजरकोट, बाँके, बर्दिया, कैलाली, डोटी, अछाम, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने तर सतर्कता भन्दा तलै हुने ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

साउन ३२ गते बिहान ०८:४५ बजे देखि भदौ ०१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०१ गते बिहान ०८:४५ बजे १८६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५२ र स्वचालितः १३४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (५१.४ मि. मी.) मकवानपुर जिल्लाको मकवानपुरगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र २८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**